नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, कैलाली

फोन नं. ०९१-५२२९९७
इमेलः pmamp.piu.kailali@gmail.com
वेभसाइटः www.piukailali.pmamp.gov.np

मितिः २०८३/०४/०४
ने.सं.:११४६, दिल्लाथ्व सप्तमी

प.सं. २०८३/०८४
च.नं.
सूचना नं. ०१

## घरभाडा लिने सम्वन्धी सूचना

यस कार्यालयको कार्यालय प्रयोजनको लागि घर भाडामा लिनु पर्ने भएकोले धनगढी उपमहानगरपालिकाको वजार क्षेत्र भित्र पूर्वमा नैनादेवी-हसनपुर सडक, पश्चिममा धनगढी-अत्तरिय सडक, उत्तरमा सहिदगेट-क्याम्पस रोड सडक तथा दक्षिणमा धनगढी चौराहा-क्याम्पस चोक सडकको चार किल्ला भित्र तथा सोको २०० मिटरको सेरोफेरोमा तपसिलमा उल्लेखित मापदण्ड तथा सेवा शर्तमा घर भाडामा दिन इच्छुक घरधनिहरुले यो सूचना प्रकाशनको मितिले ७ दिन भित्र आफुले दिन खोजेको घरको मासिक भाडा तथा आवश्यक सम्पूर्ण विवरण उल्लेख गरी यसै सूचना वमोजिम माग गरिएका सम्पूर्ण कागजातहरु संलग्न राखि रीतपूर्वक शिलबन्दी गरी यस कार्यालयमा पेश गर्न हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरीएको छ।

**तपसिलः**

१. सम्वन्धित निकायबाट नक्सा पास भएको पक्की घर हुनु पर्ने छ।
२. यातायातको सुगम तरिकाले पहुँच भएको न्युनतम १ वटा चारपाङ्गे गाडी र १० वटा मोटर साइकल पार्किङ गर्न मिल्ने पार्किङ सेड भएको तथा घर वरीपरी कम्पाउण्ड वाल लगाएको हुनु पर्ने छ।
३. पर्याप्त मात्रामा पानीको आपुर्ति, विद्युत सुविधाको पहुँच पर्याप्त र सुविधा सम्पन्न शौचालयहरु भएको तथा घरको प्रत्येक कोठामा पर्याप्त प्रकाश आउने हुनु पर्ने छ।
४.घरमा न्यूनतम ८ वटा कोठा भएको हुनु पर्ने छ।
५.घरभाडा निर्धारण समितिले निर्धारण गरेको दररेटमा मात्र घर भाडामा लिन सकिने छ।
६.घरधनी कुनै कारणवश कार्यालयमा उपस्थित भइ प्रस्ताव पेश गर्न नसक्ने भएमा घर भाडामा दिन मन्जुर भएको निवेदन पेश गर्न तथा स्वीकृत पश्चात सम्झौता गर्न समेत अख्तियारी गरेको रितपूर्वकको मन्जुरीनामा दिई प्रतिनिधि मुकर गर्न सक्ने र यसरी मुकरित प्रतिनिधीले घरधनीको तर्फबाट घरभाडामा दिने सन्दर्भका सबै प्रक्रियामा सहभागी हुन सक्ने छ।
७. प्रस्ताव स्वीकृत भएमा घरभाडा भूक्तानी गर्दा नियमानुसारको घर वहाल कर कट्टी गरी सम्झौता गरिने छ।
८.अन्य कुराहरु प्रस्ताव स्वीकृत भए पश्चात सम्झौतामा उल्लेख गरिने छ।यस सूचना तथा प्रस्तावमा छुट भएका कुराहरु प्रचलित कानून वमोजिम हुने छन्।

**प्रस्तावसाथ पेश गर्नु पर्ने कागजातहरु**

१.घरभाडा उपलव्ध गराउने बारेको निवेदन।
२.घर रहेको जग्गाको जग्गाधनी पुर्जा तथा घरको नक्सापासको प्रतिलिपी।
३.मालपोत/ सम्पति तथा भूमी कर तिरेको रसिदको प्रतिलिपी।
४.जग्गा धनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।

"स्वदेशी उत्पादनमा लगानी
आत्मनिर्भर कृषिको थालनी"

"Invest in Domestic Production
Path to Self-Sufficiency"